# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०६, संख्या ५, मकवानपुर, श्रावण १९ गते, २०७९ साल


## भाग २

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२)
बमोजिम राक्सिराङ्ग गाउँ कार्यापालिकाले बनाएको तल लेखिए
बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३)
बमोजिम सर्व साधारणको जानकारीको लागि
प्रकाशित गरिएको छ ।

**राक्सिराङ्ग गाउँपालिका जलश्रोत उपयोग कार्यविधि, २०७९**

**संवत २०७९ को कार्यविधि नं ८३**

# राक्सिराङ्ग गाउँपालिका जलश्रोत उपयोग कार्यविधि-२०७९

## प्रमाणीकरण मिति : २०७९/०४/१९

प्रस्तावना:

राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्रको भुमिगत वा भु-सतहमा रहेको जलश्रोतको समुचित उपयोग संरक्षण व्यवस्थापन र विकास एवं त्यस्तो उपयोगवाट हुने वातावरणीय कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान बमोजिमको कार्य गर्ने गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि राक्सिराङ्ग गाउँपालिकाको मिति २०७९ श्रावण १९ गतेको कार्यपालिकाको बैठकले "राक्सिराङ्ग गाउँपालिका जलश्रोत उपयोग कार्यविधि २०७९" जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम राक्सिराङ्ग गाउँपालिका जलश्रोत उपयोग कार्यविधि २०७९ रहेको छ।

२. यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछी प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ।

ख) "अनुमती पत्र प्राप्त व्यक्ति" भन्नाले जलश्रोत उपयोग गर्न गाउँपालिकाबाट अनुमती पत्र प्राप्त व्यक्ति वा संगठीत संस्थालाई सम्झनु पर्छ ।

ग) "स्रोत" भन्नाले भू-सतह वा भूमिगत रुपमा रहेको पानीको स्रोत सम्झनु पर्छ ।

घ) "उपभोक्ता समिति संस्था" भन्नाले जलश्रोतको उपयोगको लागी गठन भएको उपभोक्ता समिति सम्झनु पर्छ ।

ङ) "सर्वेक्षण" भन्नाले संरचनाको निर्माण, संरचना निर्माण गर्दा पर्ने वातावरणीय असर, स्रोतबाट उपयोग तथा वितरण गर्न सकिने खानेपानीको परिमाण, खानेपानीबाट लाभान्विन हुनेहरुको संख्या लगायत आर्थिक तथा प्राविधिक तथ्य तथ्याङ्कहरु समेतको विश्लेषण गरी विस्तृत रुपबाट तयार गरिएको अन्वेषण संभाव्यता अध्ययन र तत् सम्बन्धी विस्तृत इन्जिनियरिङ डिजाइन समेतको कार्य सम्झनु पर्छ ।

च) "परियोजना" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सञ्चालन गर्ने खानेपानी परियोजना सम्झनु पर्छ र सो शब्दले ऐनको नियम ११ बमोजिम नेपाल सरकारले उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको परियोजना वा उपभोक्ता संस्था आफैले विकास गरी सञ्चालन गरेको परियोजना समेतलाई जनाउँछ ।

छ) "अनुमती पत्र" भन्नाले गाउँपालिका जलश्रोत समितिले दिएको अनुमती पत्र सम्झनु पर्छ ।

ज) "अनुमती प्राप्त व्यक्ति" भन्नाले जलश्रोत उपयोग गर्ने अनुमती पत्र प्राप्त व्यक्ति सङ्गठीत संस्था सम्भनु पर्छ ।

झ) "सेवा" भन्नाले पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी तथा सिँचाइ सेवा सम्भनु पर्छ ।

ञ) "उपभोक्ता" भन्नाले पानी आपूर्तिकर्ताले उपलब्ध गराएको सेवा उपभोग गर्ने व्यक्ति वा निकाय सम्भनु पर्छ ।

ट) "सेवा शुल्क" भन्नाले सेवा उपभोग गरे वापत उपभोक्ताले पानी आपूर्तिकर्तालाई बुझाउनु पर्ने सेवा शुल्क सम्भनु पर्छ र सो शब्दले विलम्ब शुल्क समेतलाई जनाउँछ ।

ठ) "गाउँपालिका" भन्नाले राक्सिराङ्ग गाउँपालिका सम्भनु पर्छ ।

ड) "अध्यक्ष" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको अध्यक्ष सम्भनु पर्छ ।

## परिच्छेद-२

३. जलश्रोत उपयोगः

१. यस कार्यविधि बमोजिम अनुमती पत्र प्राप्त नगरी कसैले पनि जलश्रोत उपयोग गर्न पाउने छैन ।

२. उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलश्रोतको उपयोग गर्न अनुमती पत्र लिनु पर्नेछैन ।

क. ढुवानी गरि आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागी उपयोग गर्न,

ख. आफ्ना जग्गामा सिँचाइ गर्न,

ग. घरेलु उपयोगको रुपमा पानी घट्ट वा पानीचक्की चलाउन,

घ. जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलश्रोत तोकिए बमोजिम उपयोग गर्न,

४. जल उपभोक्ता संस्थाको गठनः

१. सामुहिक लाभको लागी संस्थागत रुपमा जलश्रोत उपयोग गर्न चाहने व्यक्तिहरुले तोकिए बमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन ।

२. उपनियम १ बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई राक्सिराङ्ग गाउँपालिका समक्ष तोकिएको बमोजिम दर्ता गराउनु पर्नेछ ।

३. उपनियम २ बमोजिम दर्ता भएको जल उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वसाशित र संगठित संस्था हुनेछ ।

५. जलश्रोत उपयोगको प्राथमिकता क्रमः

१. पालिका क्षेत्र भित्रको जलश्रोत उपयोग गर्दा साधारणता देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ ।

क. खानेपानी

ख. सिँचाइ

ग. पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग

घ. जलविद्युत

ङ. घरेलु उद्योग औधोगीक व्यवस्था तथा खानीजन्य उपयोग

च. जल यातायात उद्योग

२. जलश्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा यस कार्यविधि अनुसार गठीत विवाद समाधान समितिले उपनियम १ मा उल्लेखित प्राथमिकताक्रम बमोजिम उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धीत जलश्रोत उपयोग गर्न पाउने नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ । यसरी निर्धारण गरेको सम्बन्धीत सबैलाई मान्य हुनेछ ।

६. राक्सिराङ्ग गाउँपालिकाले जलश्रोत उपयोग वा विकास गर्न सक्नेः

१. राक्सिराङ्ग गाउँपालिका आफैले कुनै जलश्रोत उपयोग वा विकास गर्न यस कार्यविधिले कुनै बाधा पुऱ्याउने छैन ।

२. कसैले यस कार्यविधि वमोजिम उपयोग गरेको जलश्रोत र सो संग सम्वन्धीत जग्गा भवन उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागी गाउँपालिकाले आफुले लिई विकास गर्न सक्नेछ ।

३. उपनियम २ वमोजिम आफुले लिएको जलश्रोत र सो संग सम्बन्धीत जग्गा भवन उपकरण तथा संरचना वापत गाउँपालिकाले व्यक्तिलाई तोकिए बमोजिमको क्षतीपुर्ती दिनेछ ।

४. राक्सिराङ्ग गाउँपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति निकाय वा संगठीत संस्थाले उपयोग गरिरहेको जलश्रोतलाई निजहरुसंगको समन्वयमा पर्यटन व्यवसाय प्रवर्द्धन गर्न आवश्यक कार्ययोजना बनाइ लागु गर्न सक्नेछ ।

७. जलश्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने :

१. राक्सिराङ्ग गाउँपालिकाले विकास गरेका कुनै जलश्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछी उपभोक्ता संस्थालाई वा राक्सिराङ खानेपानी व्यवस्थापन बोर्डलाई आवश्यक शर्तहरु तोकी वा नतोकी हस्तान्तरण गर्न सक्नेछ ।

२. उपनियम १ वमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धी उपभोक्ता संस्थाको हुनेछ र यस कार्यविधिको अधिनमा रही आफुले अनुमतीपत्र प्राप्त गरे सरह सो परियोजना संचालन सम्वन्धी उपयोग संस्थाले गर्नेछ ।

८. जलश्रोत उपयोगको लागी करार गर्न सक्ने :

यस कार्यविधिमा जुन सुकै कुरा लेखिएको भएतापनि राक्सिराङ्ग गाउँपालिकाले कुनै संगठीत संस्था वा व्यक्तिसंग

प्रचलित कानुनको अधिनमा रहि करार गरी सोहि करारमा उल्लेखित शर्तहरु बमोजिम कुनै जलश्रोत विकास उपयोग र सेवा विस्तार गराउन सक्नेछ ।

## परिच्छेद-३
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

९. सर्वेक्षण अनुमतिपत्रकोलागि दरखास्त दिनु पर्ने -

(१) कुनै स्रोतको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुमतिपत्रको लागि एक हजार रुपैयाँ दस्तुर सहित अनुसूची-३ बमोजिमको ढाँचामा समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप कागजात माग गर्नु पर्ने देखिएमा दरखास्त परेको मितिले पन्ध्र दिनभित्र दरखास्तवालालाई सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम समितिले दिएको सूचना बमोजिम दरखास्तवालाले थप कागजात पेश गरेको मितिलाई नै दरखास्त परेको मिति मानिनेछ ।

१०. सर्वेक्षण अनुमतिपत्र दिनु पर्ने:

नियम ९ बमोजिम प्राप्त हुन आएको दरखास्त र सो साथ संलग्न कागजात जाँचबुझ गर्दा दरखास्तवालालाई सर्वेक्षण अनुमतिपत्र दिन उपयुक्त देखिएमा समितिले अनुसूची-४

बमोजिमको ढाँचामा स्रोत सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ ।

११. स्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनु पर्ने -

१) पानीको स्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्था वा उपभोक्ताले अनुमतिपत्रको लागि रु. १,०००/- (एक हजार रुपैयाँ) दस्तुर सहित अनुसूची-१ संलग्न गरी अनुसूची-५ बमोजिमको ढाँचामा समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप कागजात माग गर्नु पर्ने देखिएमा दरखास्त परेको मितिले पन्ध्र दिनभित्र दरखास्तवालालाई सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम समितिले दिएको सूचना बमोजिम दरखास्तवालाले थप कागजात पेश गरेको मितिलाई नै दरखास्त परेको मिति मानिनेछ ।

१२. सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्ने -

(१) नियम ११ बमोजिम दरखास्त प्राप्त भएपछि समितिले सो दरखास्त सम्बन्धमा आवश्यकता अनुसार जाँचबुझ गरी तत् सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि अनुसूची-६ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशन भएपछि परियोजनाको विकास तथा सञ्चालन गर्दा उल्लेखनीय कुनै प्रतिकूल प्रभाव पर्ने देखिएमा तत् सम्बन्धी विवरण खुलाई त्यसरी सूचना प्रकाशन भएको मितिले पैंतीस दिनभित्र समिति समक्ष सुझाव दिन सकिनेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको सुझावलाई समेत विचार गरी समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालन गर्नु पर्ने कुराहरु अनुमतिपत्र दिँदा तोकि दिनेछ।

१३. स्रोत उपयोग गर्न अनुमतिपत्र दिनु पर्ने :

नियम ११ बमोजिम प्राप्त भएको दरखास्त, सो साथ संलग्न कागजात जाँचबुझ र नियम १२ बमोजिम प्राप्त भएका सुझावहरु अध्ययन गर्दा दरखास्तवालालाई स्रोत उपयोगको अनुमतिपत्र दिन उपयुक्त देखिएमा समितिले निर्णय गर्नुपर्नेछ । समितिको निर्णयलाई अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालय प्रमुख वा प्रमुखको काम गर्न तोकिएको व्यक्तिले हस्ताक्षर गरी अनुमती प्रदान गर्नुपर्नेछ।

१४. दोहोरो अनुमतिपत्र नदिइने:

(१) नियम ११ बमोजिम कुनै व्यक्ति वा संगठित संस्थालाई स्रोत सर्वेक्षण गर्न अनुमतिपत्र दिई सकेपछि सो अनुमतिपत्रको अवधिभर सोही क्षेत्रमा सोही कामको

लागि सर्वेक्षण गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा संगठित संस्थालाई सर्वेक्षण गर्न दोहोरो अनुमतिपत्र दिइने छैन ।

(२) नियम १४ बमोजिम स्रोत उपयोग गर्न कुनै व्यक्ति वा संगठित संस्थालाई अनुमतिपत्र दिई सकेपछि सो अनुमतिपत्रको अवधिभर सो अनुमतिपत्र प्राप्त व्यक्तिले उपयोग गर्ने पानीको परिमाणमा कटौती हुने गरी अन्य व्यक्ति वा संगठित संस्थालाई सोही स्रोत उपयोग गर्न पाउने गरी दोहोरो अनुमतिपत्र दिइने छैन ।

(३) एउटै खोला/खोल्सा/मूलको पानी बग्ने क्षेत्रबाट अनुमती स्रोत उपयोग दर्ता प्रदान गर्दा कम्तिमा ३०० (तीनसय) मिटर दुरी कायम भएको हुनुपर्नेछ ।

१५. काम शुरु गर्नु पर्नेः

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित काम अनुमतिपत्र प्राप्त गरेको तीन महिनाभित्र शुरु गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले उपनियम (१) बमोजिमको म्यादभित्र काम शुरु गर्न नसकेमा त्यसको मनासिव कारण सहित म्याद थपको लागि समिति समक्ष निवेदन दिन सक्नेछ र सो निवेदन उपर जाँचबुझ गर्दा म्याद थप गर्नु पर्ने कारण मनासिव देखिएमा

समितिले बढीमा तीन महिनासम्मको म्याद थप गर्न सक्नेछ ।

१६. समिति समक्ष प्रतिवेदन पेश गर्नेः

अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कामको प्रतिवेदन प्रत्येक तीन महिनामा समिति समक्ष पेश गर्नु पर्नेछ ।

१७. स्रोत उपर अधिकार कायम रहने -

नियम १४ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेखित हदसम्मको परिमाण बराबरको पानीको स्रोतमा त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार कायम रहनेछ ।

१८. अनुमतिपत्रको नवीकरण -

(१) नियम १३ बमोजिम पाएको अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा अगावै अनुमतिपत्र प्राप्त संस्था वा व्यक्तिले अनुमतिपत्र नवीकरणको लागि पाँच सय रुपैयाँ दस्तुर सहित समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्र नवीकरण नगरेमा त्यसको मनासिव कारण खुलाई अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले पैंतीस दिनभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले समिति समक्ष निवेदन दिन सक्नेछ र यसरी दिएको निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा समितिले अनुमतिपत्र नवीकरण गर्न सक्नेछ ।

३. यस कार्यविधि बन्नु अगाडी जिल्ला जलश्रोत समितिमा दर्ता भएका उपभोक्ता समितिहरुलाइ यसै कार्यविधि अनुसार दर्ता भएको मानिनेछ। साथै अब नविकरण गर्दा कार्यविधि अनुसार दस्तुर लिइ पुरानो प्रमाणपत्र खिचि यस कार्यविधि अनुसारको प्रमाणपत्र उपलव्ध गराइने छ।

१९. अनुमतिपत्रको बिक्री वा हस्तान्तरणः

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले पाएको अनुमतिपत्र बिक्री वा अन्य तवरले हस्तान्तरण गर्न चाहेमा समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा समितिले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी अनुमतिपत्र खरिद गर्ने वा लिने व्यक्ति वा संगठित संस्थाको आर्थिक स्थिति समेत विचार गर्दा अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्ने स्वीकृति दिन हुने देखिएमा समितिले आवश्यक शर्तहरु तोकी अनुमतिपत्र बिक्री वा अन्य तवरले हक हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ।

२०. अनुमतिपत्रमा संशोधन गर्नु परेमाः

१. अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले पाएको अनुमतिपत्रमा उल्लेखित कुनै कुरा संशोधन गर्न चाहेमा समिति समक्ष निवेदन दिन सक्नेछ।

२. उपनियम (१) बमोजिम निवेदन परेमा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी

जाँचबुझ गर्दा व्यहोरा मनासिव देखेमा अनुमतिपत्रमा संशोधन गरी दिनेछ ।

२१. अनुमती खारेज गर्न सक्नेः

१. अनुमती प्राप्त व्यक्तिले यस कार्यविधि विपरित कुनै काम गरेमा यस कार्यविधिमा व्यवस्था भएको समितिको सिफारिसमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

२. उपनियम १ वमोजिम तोकिएको अवधिभित्र अनुमतीपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा व्यक्तिले पाएको अनुमती खारेज गर्न सक्नेछ ।

३. उपनियम २ वमोजिम अनुमतीपत्र खारेज गर्नु अघि सम्बन्धीत अनुमतीपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

## परिच्छेद ४

२२. स्थानीय जलश्रोत समितिको गठन

१. राक्सिराङ्ग गाउँपालिका भित्र रहेको जलश्रोत उपयोगको आवश्यकता अध्ययन अनुसन्धान एवं जलश्रोत उपयोगको लागी अनुमती प्रदान गर्ने, नविकरण गर्ने तथा तोकिए बमोजिम नगरेमा अनुमती पत्र खारेज गर्ने प्रयोजनको लागी एक स्थानीय जलश्रोत समिति रहनेछ ।

२. स्थानीय जलश्रोत समितिमा देहायका पदाधिकारी रहनेछ ।

क. अध्यक्ष, अध्यक्ष

ख. प्रमुख प्रशासकिय अधिकृत, सदस्य

ग. वन तथा वातावरण समितिको संयोजक, सदस्य

घ. योजना अनुगमन ईकाई प्रमुख, सदस्य

ङ. पुवार्धार विकास ईकाई प्रमुख, सदस्य

च. खानेपानी तथा सरसफाई सम्बन्धी काम गर्ने शाखा प्रमुखसदस्य, सचिव

२३. स्थानीय जलश्रोत समितिको काम कर्तव्य र अधिकार:

१. स्थानीय जलश्रोत समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

क. जलस्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न सिफारिस गर्ने,

ख. जलश्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी, कार्यापालिकाको कार्यालय समक्ष पेश गर्ने,

ग. जलश्रोत उपयोग सम्वन्धमा कुनै प्रश्न उठेमा वा परम्परादेखि जलश्रोत उपयोग गरेमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने,

घ. खण्ड (ग) बमोजिम जाँचगर्दा वा गराउँदा तोकिएको शर्त बमोजिम जलश्रोतको उपयोग नभए, नगरेको देखिएमा सो कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानुन वमोजिम कारबाही गर्न सम्वन्धीत निकायमा सिफारिस गर्ने,

ङ. तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

२. स्थानीय जलश्रोत समितिको बैठक वर्षको कम्तीमा ६ वटा बस्नेछ । बैठक बसेको दिनको प्रति वैठक भत्ता कार्यापालिकाको सदस्यहरुले पाए सरह बैठक भत्ता पाउने छन् ।

## परिच्छेद-५
## स्रोत उपयोगको विवाद समाधान

२४. स्रोत उपयोग विवाद निरुपण समितिः

१) उपभोक्ता संस्थाले विकास तथा संचालन गर्ने परियोजनाको स्रोत उपयोगको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु भएको एक स्रोत उपयोग विवाद निरुपण समिति रहनेछ :-

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग. सम्बन्धीत वडाको वडा अध्यक्ष | सदस्य |
| घ. प्रतिनिधि जिल्ला प्रशासन कार्यालय | सदस्य |
| ङ प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

२५. श्रोत उपयोग सम्बन्धमा उजुरी गर्न सक्ने

१. कुनै श्रोतको उपयोगवाट कसैलाई मर्का पर्ने व्यक्ति वा संगठीत संस्थाले त्यसको कारण खुलाइ स्रोत उपयोग विवाद निरुपण समिति समक्ष उजुरी गर्न सक्नेछ ।

२. उपनियम १ वमोजिम उजुरी परेमा श्रोत उपयोग विवाद निरुपण समितिले श्रोत उपयोग गर्ने परियोजनाको स्थलगत निरिक्षण गरी अन्य कुराहरुको अतिरिक्त देहायका जानकारी लिनु पर्नेछः

क. परियोजनाको कुल लागत,

ख. परियोजनावाट लाभान्वित नहुने उपभोक्ताको संस्था,

ग. परियोजना सम्वन्धमा स्थानीय समुदायको आवश्यकता र जनचाहना,

घ. दैनिक उपयोग गरिने खानेपानीको परिमाण,

ङ. परियोजना संचालन गर्दा अन्य व्यक्ति वा समुदायलाई पर्न गएको असर र उनीहरुको प्रतिकृया,

च. वातावरणमा पर्नजाने प्रतिकुल असर,

३. उपनियम (२) बमोजिमको जानकारी लिई सकेपछी श्रोत उपयोग विवाद निरुपण समितिले स्रोतको उपयोगको सम्बन्धमा परेको उजुरी छानविन गरी आवश्यक निर्णय गर्नेछ ।

## परिच्छेद-६
## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

२६. सजाय सम्बन्धी व्यवस्था

१. कसैले यस कार्यविधि वा यस कार्यविधि अन्तर्गत वनेको नियम उल्लंघन गरेमा निजलाई स्थानीय जलश्रोत समितिको सिफारिसमा गाउँ कार्यपालिकाले पाँच हजारदेखि पच्चिस हजार रुपैँयासम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको मुल्याङकन गरी क्षतीपुर्ति भराइ दिन सक्नेछ ।

२. कसैले यस कार्यविधि बमोजिम अनुमतीपत्र लिनु पर्नेमा सो नलिइ वा अनुमतीपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलश्रोत उपयोग गरेमा निजलाई गाउँ कार्यपालिकाले पाँच हजार रुपैयासम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

३. यस ऐन बमोजिम विकास जलश्रोत वा त्यस्तो जलश्रोतबाट उत्पन्न सेवा कसैले चोरी वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा गाउँ कार्यपालिकाले निजबाट बिगो असुल गरी निजलाई बिगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

४. कसैले वदनियतकासाथ कुनै खानेपानीको मुहान बाँध नहर वा जलश्रोतको उपयोगसंग सम्बन्धीत कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, विगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागी दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा

निजबाट हानि नोक्सानी बिगो असुल गरी निजलाई बिगो बमोजिम जरिवाना गराई वा नियमानुसार कारबाहीको लागी न्यायीक समिति समक्ष सिफारिस गर्ने ।

२७. अनुसन्धानको लागी लेखि पठाउन सक्ने:

जलश्रोत उपयोगको अनुमती प्रदान गर्ने निकायले यस कार्यविधि बमोजिम आफ्नो काम कर्तव्य र अधिकारको पालना गर्दा कसैले कुनै कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा यस कार्यविधि बमोजिम अनुसन्धान गर्नको लागी सम्बन्धीत निकायमा लेखि पठाउन सक्नेछ ।

२८. मुद्दा सम्वन्धी व्यवस्था:

यस कार्यविधि अनुसार कसुर गरेमा हुने सजाय सम्बन्धी व्यवस्था कानुन बमोजिम हुनेछ ।

२९. पुनरावेदन सम्वन्धी व्यवस्था:

यस कार्यविधि वमोजिम जलस्रोत उपयोगको अनुमती प्रदान गर्ने अधिकारी वा गाउँ कार्यपालिकाबाट कारवाही भएकोमा चित्त नबुझ्ने व्यक्ति त्यस्तो कारबाहीको निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र सम्बन्धीत जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-७

## विविध

३०. सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने:

१. अनुमतीपत्र प्राप्त व्यक्तिले आफुले विकास गरेको जलश्रोत उपयोगका सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ ।

२. गाउँपालिकाले विकास गरेको जलश्रोत उपयोगको सेवा अन्य कसैलाई उपलव्ध गराए वापतको सेवा शुल्क र अनुमती प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिलाई व्यापारीक प्रयोजनको लागी सेवा उपलव्ध गराए वापत वार्षिक शुल्क तोकिए बमोजिम निर्धारण गरि असुल गर्न सक्नेछ ।

३१. सेवा रोक्न सक्ने:

सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

३२. अरुको घर जग्गामा प्रवेश गर्न सक्ने:

गाउँपालिका वा अनुमतीपत्र प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा

प्रवेश गर्नु परेमा गाउँपालिका वा अनुमतीपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्वन्धीत व्यक्तिलाई पुर्व सुचना दिएर त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा गाउँपालिका वा अनुमती प्राप्त व्यक्तिले तोकिए वमोजिम क्षतीपुर्ती दिनेछ ।

३३. जलश्रोत संरचनाको सुरक्षा :

जलश्रोतको उपयोगसंग सम्बन्धीत कुनै संरचनाको सुरक्षाको लागी अनुमतीपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा गाउँपालिकाले आवश्यक सुरक्षा प्रवन्ध गर्न स्थानीय प्रशासनलाइ लेखि पठाउन सक्नेछ ।

३४.जलश्रोतलाई प्रदुषित गर्न नहुने :

राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्रको जलश्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको ढल निकास, फोहरमैला, औद्योगीक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलश्रोतलाइ प्रदुषित गर्न हुँदैन ।

३५. वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुनेः

राक्सिराङ्ग गाउँपालिका भित्रको जलश्रोतको उपयोग गर्दा भु-क्षय बाढी पहिरो वा त्यस्तै अरु कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी जलश्रोत उपयोग गर्नु पर्नेछ ।

३६. अन्तिम व्याख्या तथा बाधा अडकाउ फुकाउः

यस कार्यविधिको अन्तिम व्याख्या एवं वाधा अडकाउ फुकाउने कार्य गाउँ कार्यापालिकाले गर्ने छ ।

३७. परिमार्जन तथा संशोधनः

यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्ने छ ।

# अनुसूची-१
## उपभोक्ता संस्था दर्ताको लागि दिइने दरखास्त

विषय : दरखास्त दिइएको सम्बन्धमा ।

श्री अध्यक्षज्यू,

मिति :

राक्सिराङ्ग गाउँपालिका जलश्रोत समिति

चैनपुर, मकवानपुर ।

उपभोक्ता समिति दर्ता गर्नको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१. उपभोक्ता संस्थाको नाम र ठेगाना:-

२. उपभोक्ता संस्थाको उद्देश्य:-

३. स्रोत रहेको जिल्ला मकवानपुर राक्सिराङ्ग गाउँपालिका वडा नं. ....मुहान रहेको स्थान..................

४. उपयोग गर्ने पानीको परिमाण:-

५. परियोजना शुरु गर्न लाग्ने समय:-

६. परियोजना सम्पन्न गर्दा लाग्ने जाने अनुमानित खर्च:-

७. नेपाल सरकारले विकास गरी हस्तान्तरण गर्ने परियोजना भए सो परियोजनाको नाम र तत् सम्बन्धी अन्य विवरण:-

८. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु:-

(क) परियोजना सम्बन्धी विस्तृत विवरण उल्लेख भएको कागजात ।

(ख) परियोजनाको लागि कुनै संस्थाबाट आर्थिक सहायता व्यहोरिने भए सो सम्बन्धमा त्यस्तो संस्थाले व्यक्त गरेको प्रतिबद्धता र तत् सम्बन्धी कागजात:-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्त दिनेको,

सही :

नाम : पद :

ठेगाना : मिति :

-----------------------------------------------------------------

वडा कार्यालयले भर्नु पर्नेः

यस राक्सिराङ्ग गाउँपालिका वडा नं ..... मा संचालन हुने उल्लेखित परियोजनाको लागि गठन हुन लागेको उपभोक्ता संस्था दर्ता हुन उपयुक्त देखिएकोले सिफारिस गरिन्छ । साथै, उल्लेखित परियोजना संचालनको लागि आवश्यक मर्मत र संभारको कार्यहरुमा यस वडा कार्यालयकको तर्फबाट पूर्ण सहयोग हुने जानकारी गराईन्छ ।

सिफारिस गर्ने पदाधिकारीको,

सही :

नाम :

पद :

वडा कार्यालयको छाप :

मिति :

## अनुसूची-२

# राक्सिराङ्ग गाउँपालिका

गाउँ कार्यपालिका कार्यालय

चैनपुर, मकवानपुर

उपभोक्ता संस्थाको दर्ता प्रमाणपत्र

अनुमति पत्र संख्याः

श्री ..............................

..............................

राक्सिराङ्ग गाउँपालिकाको जलश्रोत उपयोग कार्यविधि-२०७९ को नियम १३ बमोजिम स्थानीय जलश्रोत समितिको मिति ................ को निर्णयानुसार दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

उपभोक्ता संस्थाको नाम : ....................................

ठेगाना : ....................................

उद्देश्य : ....................................

परियोजनाको नाम : ....................................

परियोजनाको आर्थिक स्रोत : ....................................

पानीको स्रोत रहेको स्थान : ....................................

उपयोग गर्न पाउने पानीको परिमाण : ............................

उपभोक्ता संस्थाको कार्य क्षेत्र : ....................................

परियोजना शुरु गर्ने मिति : ....................................

प्रमाणपत्र दिने अधिकारीकोः

दस्तखत : ......................

नाम : ......................

पद : .........................

मिति : .........................

..................................................................................

..................................................................................

(यस माथिको खाली ठाउँमा उपभोक्ता संस्थाले पालना गर्नु पर्ने विशेष शर्तहरु लेख्ने ।)

नोटः

१. यो इजाजत पत्र एक आर्थिक वर्ष (असार मसान्त) सम्म बहाल रहनेछ ।

२. प्रत्येक वर्षको श्रावण महिनामा गाउँपालिकाले तोके बमोजिमको दस्तुर तिरी नविकरण गर्नुपर्नेछ ।

३. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

## संस्था नविकरण

| नविकरण गर्ने अधिकारीको नाम, थर | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर भौंचर नं. दस्तुर र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची-३

## स्रोत सर्वेक्षण गर्ने अनुमतिपत्रको लागि दिइने दरखास्त

श्री अध्यक्षज्यू,
राक्सिराङ्ग गाउँपालिका जलस्रोत समिति,
चैनपुर, मकवानपुर ।

खानेपानीको स्रोत सर्वेक्षण गर्न अनुमतिपत्रको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः-

२. उद्देश्यः-

३. सर्वेक्षण गर्न चाहेको स्रोतको नामः-

४. स्रोत रहेको मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिका वडा नं. .....

५. सर्वेक्षण गर्न लाग्दा लाग्ने अवधिः-

६. सर्वेक्षण गर्दा लाग्न जाने अनुमानित खर्चः-

७. अन्य विवरणः-

८. दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरु :–

क) स्रोतको सर्वेक्षण सम्बन्धमा आर्थिक, प्राविधिक र वातावरणीय मूल्याङ्क सम्बन्धी प्रतिवेदन ।

ख) स्रोत सर्वेक्षण गरिने स्थानको नक्सा ।

ग) संगठित संस्था भए सो संस्थाको विधानको एक प्रति ।

घ) आवश्यक अन्य कागजात ।

माथि लेखिएको व्यहोरा ठीक साचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

संगठित संस्था भए त्यस्तो संस्थाको छाप

दरखास्त दिनेको,

सही:-

नाम:-

ठेगाना:-

मिति :-

# अनुसूची-४

## स्रोत सर्वेक्षण गर्ने अनुमतिपत्र

अनुमतिपत्र संख्याः ..............

श्री ......................................,

..............................................

तपाईलाई देहाय बमोजिम खानेपानीको स्रोत सर्वेक्षण गर्न पाउने गरी यो अनुमतिपत्र दिइएको छ ।

१. अनुमतिपत्र प्राप्त व्यक्तिको नाम र ठेगानाः-

२. सर्वेक्षणको उद्देश्यः-

३. सर्वेक्षण गर्ने क्षेत्रः-

४. सर्वेक्षण शुरु गर्नु पर्ने समयः-

५. सर्वेक्षण समाप्त गर्नु पर्ने अवधिः-

६. अनुमतिपत्र बहाल रहने अवधिः-

७. अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरुः-

क)

ख)

ग)

घ)

ङ)

अनुमतिपत्र दिने अधिकारीको,–

सहीः-

नामः-

पदः-

कार्यालयः-

मितिः-

# अनुसूची-५

## स्रोत उपयोग गर्ने अनुमतिपत्रको लागि दिइने दरखास्त

श्री अध्यक्षज्यू,
राक्सिराङ्ग गाउँपालिका जलस्रोत समिति, चैनपुर, मकवानपुर ।

विषय : स्रोत उपयोग गर्ने अनुमति प्रदान गरिदिनूहुन ।

खानेपानीको स्रोत उपयोग गर्ने अनुमतिपत्र पाउनको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः-
२.उद्देश्यः-
३. उपयोग गर्न चाहेको स्रोतको नामः-
४.स्रोत रहेको मकवानपुर जिल्ला राक्सिराङ्ग गाउँपालिका वडा नं. ......
५.स्रोत उपयोग गर्ने पानीको परिमाणः-
६.स्रोत उपयोग गर्दा लाग्ने अनुमानित खर्चः-
७.स्रोत उपयोग गर्दा खर्च गर्ने आधारः-
८.स्रोत उपयोगबाट लाभान्वित हुने उपभोक्ता संख्या र कार्य क्षेत्रः-
९.अन्य विवरणहरुः-
१०.दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः-
क) स्रोतको उपयोग सम्बन्धमा आर्थिक, प्राविधिक र वातावरणीय सम्बन्धी प्रतिवेदन ।
ख) स्रोत उपयोग गर्ने ठाउँको नक्सा ।

ग) संगठित संस्था भए सो संस्थाको विधानको एक प्रति ।

घ) आवश्यक अन्य कागजातहरु ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । संगठित संस्था भए सो संस्थाको छाप

दरखास्त दिनेको,

सहीः-

नामः-

ठेगानाः-

मितिः-

# अनुसुची ६
# जलश्रोतको मुहान दर्ता सम्वन्धी

सुचना सुचना सुचना

राक्सिराङ्ग गाउँपालिका वडा नं.........स्थित .............मा ................ खानेपानी/सिँचाइ अन्य प्रयोजनको मुहान दर्ता गरि पाउँ भनि .............................उपभोक्ता समितिका अध्यक्ष/सचिवले यस कार्यालयमा निवेदन पेश गर्नु भएको हुँदा उल्लेखित जलश्रोतको मुहान दर्ता गर्ने सम्बन्धमा निवेदन पेश गर्नु भएको व्यहोरा झुटा भएमा वा मुहान दर्ताको सम्बन्धमा कुनै बाधा व्यवधान भएमा सुचना प्रकाशित भएपछी फरक नपर्ने गरी प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उजुरी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

जलश्रोत समिती
राक्सिराङ्ग गाउँपालिका
चैनपुर

अनुसुची ७

# राक्सिराङ्ग गाउँपालिका

## गाउँ कार्यपालिका कार्यालय

चैनपुर, मकवानपुर

**स्रोत उपयोग अनुमतिपत्र**

अनुमति-पत्र संख्याः

मितिः

श्री.....................................................तपाईलाई

जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली स्थानीय जलस्रोत उपयोग कार्यविधि २०७९ को दफा १३ बमोजिम यो अनुमति-पत्र प्रदान गरिएको छ ।

१. जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. जलस्रोत उपयोगको उद्देश्यः

३. जलस्रोतको नाम, किसिम र रहेको स्थानः

४. उपयोग गर्न पाउने जलस्रोतको परिमाणः

५. जलस्रोत उपयोगको क्षेत्रः

६. जलस्रोत उपयोग गर्ने तरिकाः

७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

८. अन्य शर्तहरु

९. अनुमति - पत्र वहाल रहने अवधिः

अनुमति-पत्र दिने अधिकारीको

नाम:

सही:

पद:

**नविकरण**

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले
देब चन्द्र गतौंला
प्रमुख प्रशासकीय अधिकृत